# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## पूल्चोक, ललितपुर

# १० वर्षे रणनीतिक योजना

## 10 Years Strategic Plan

**2078/79-2087/88**

**महासंघको १९५ औं संचालक समितिबाट स्वीकृत**

**मिति २०७८/०३/२५**

# प्रारम्भः राष्ट्रिय सहकारी महासंघको रणनीतिक कार्यदिशा

| क्र.सं | प्राथमिकताको क्षेत्र | रणनीतिको अवधि | व्यवसायिक योजना | रणनीति पुनरावलोकन | व्यवसायिक योजना पुनरावलोकन तथा वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा | वार्षिक कार्यक्रम पुनरावलोकन |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | वहस पैरवी/व्यवसाय | १० वर्ष (२०७८-२०८८) | ३ वर्ष अवधि | प्रत्येक ३ वर्षमा | प्रत्येक वर्ष | ६/६ महिना |

## विषयसूची:


| | |
|---|---|
| १. पृष्ठभूमि | ४ |
| २. महासंघको परिचय | ५–६ |
| ३. प्रथम रणनीतिक योजनाको समिक्षा | ७–१३ |
| ४. परिस्थीति तथा वातावरण विश्लेषण | १४–१८ |
| ५. महासंघको अ.बा.क.स. विश्लेषण | १९–२१ |
| ६. महासंघको परिकल्पना | २१ |
| ७. महासंघको ध्येय | २१ |
| ८. महासंघको संस्थागत मूल्य | २१–२२ |
| ९. रणनीतिक स्तम्भ | २२ |
| १०. रणनीतिहरू | २२–२३ |
| ११. कार्यनीति, प्रमुख कार्यसम्पादन सूचक तथा मान्यताहरू | २४–४५ |

# परिच्छेद १
# परिचय

## १. पृष्ठभूमि

वि.सं. २०१३ साल चैत्र २० गते चितवनमा बखानपुर ऋण सहकारी समिति स्थापनासंगैं शुरू भएको नेपालको सहकारी अभियानले विभिन्न आरोह अवरोह पार गर्दै आजको उन्नत अवस्थामा आइपुगेको छ। हाल विभिन्न प्रकृतिका २९ हजार ८ सय ८६ प्रारम्भिक सहकारी संस्थाहरू, विषयगत जिल्ला सहकारी संघ २५६, जिल्ला सहकारी संघ ७०, प्रदेशस्तरीय सहकारी संघ ८, विषयगत केन्द्रीय सहकारी संघ १९ सहित राष्ट्रिय सहकारी बैंक १ र सवै सहकारी संघ/संस्थाको अभिभावक निकायको रूपमा राष्ट्रिय सहकारी महासंघ रहेको छ। यस अभियानमा ७३ लाख ७ हजार ४६२ व्यक्तिहरूको आवद्धता रहेको छ, जसको ५६ प्रतिशत महिलाहरू छन्। सहकारी क्षेत्रको कुल शेयर पूँजी ९४ अर्व १० करोड भन्दा वढी, ४ खर्व ७७ अर्व ९६ करोड भन्दा वढी वचत संकलन र ४ खर्व २६ अर्व २६ करोड भन्दा वढी ऋण लगानी छ। वित्तीय पहुँच वृद्धि, लैंगिक समानता, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि, सामाजिक सद्भाव, उद्यमशिलता विकास र गरिवी न्यूनीकरणमा सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ।

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील वनाउदै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने आर्थिक उद्देश्य लिएको छ। सरकारको आवधिक योजना,नीति तथा कार्यक्रमले सहकारी क्षेत्रलाई प्राथमिकता दिंदै आएको छ।

सहकारी क्षेत्रको योजनावद्ध विकासका लागि यस अभियानको शीर्षस्थ निकाय सवल र सक्षम हुनुपर्दछ। यसै अनुरूप महासंघले जर्मन विकास सहयोग,समावेशी आर्थिक विकास कार्यक्रम (जिआईजेड इन्कुल्ड) को सहयोगमा पहिलो पटक २०७२/७३ देखि २०७६/७७ सम्मको पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरेको थियो। उक्त रणनीतिक योजनाको मध्यावधि समीक्षा गरी २०७४ माघमा परिमार्जन गरिएको थियो। सहकारीमार्फत दिगो विकास लक्ष्य प्राप्ति गर्दै समृद्ध र समतामुलक समाज निर्माण गर्न नेतृत्वदायी महासंघको रूपमा स्थापित हुने परिकल्पनाका साथ तर्जुमा गरी कार्यान्वयन गरिएको उक्त रणनीतिक योजनाको लक्ष्य हासिल गर्न महासंघद्वाराजिआईजेडको सहयोगमा प्रथम पञ्चवर्षिय व्यवसायिक योजना आ.ब. २०७६/७७ देखि २०८०/८१ सम्मका लागि तर्जुमा गरिएको थियो।यसै व्यवसायिक योजनाका आधारमा महासंघको योजनावद्धकार्यहरूलाई फराकिलो पार्दै जाने, आम्दानीका श्रोतहरू दिगो वनाउदै जाने, महासंघको संगठनात्मक संरचनालाई परिमार्जन गर्दै चुस्त र दुरूस्त वनाउने रणनीति र व्यवसायिक योजनाका आधारमा महासंघको वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गरिदै आएको छ।

यस प्रक्रियालाई थप व्यवस्थित वनाउदै सहकारी अभियानको गतिशिलता वृद्धि सवल एवं सुदृढ महासंघ निर्माणका लागि चालु आ.व. २०७७/०७८ को स्विकृत वार्षिक कार्यक्रम तथा वजेट अनूरूप भूमि

व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा स्वतन्त्र विषय विज्ञ प्यानल, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अधिकृतस्तरीय कर्मचारीहरूसम्मिलित रही रणनीतिक योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न भएको र सो को आधारमा यस १० वर्षे रणनीतिक योजना तर्जुमा गरिएको छ ।

## २. महासंघको परिचय

नेपालको सहकारी अभियानको शीर्षस्थ निकायका रूपमा राष्ट्रिय सहकारी महासंघ लिमिटेडको वि. सं. २०५० साल आषाढ ६ गते स्थापना भएको हो । सहकारी संघ/संस्थाको प्रवर्द्धन तथा विकासका लागि नीतिगत पहलकदमी गर्ने, सहकारी संघ/संस्थाको व्यवसायिकता प्रवर्द्धन गर्दै तीन खम्बे अर्थनीति अनुरूप सहकारी क्षेत्रलाई एक सवल खम्बाको रूपमा स्थापित गर्ने,सवै सहकारी संघ/संस्थालाई ऐक्यवद्ध वनाउदै सहकारी अभियानलाई सशक्त बनाउने र सहकारी अभियानको नेतृत्वदायीभूमिका निर्वाह गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने यस महासंघका प्रमुख उद्देश्य रहेका छन् । महासंघको यही उद्देश्य हासिल गर्न रणनीतिक योजनाका साथ कार्यक्रमहरू पहिचान गरी कार्यान्वयनमा मार्गदर्शन गर्न दश वर्षे रणनीतिक योजना तर्जुमा गरिएको छ । उक्त रणनीतिक योजनाले महासंघका क्रियाकलापहरूको प्राथमिकता निर्धारण गर्दै दिशावोध गर्नेछ ।

महासंघमा हाल मुलुकका १९ वटै विषयगत केन्द्रिय सहकारी संघहरू, १ राष्ट्रिय सहकारी वैंक सहित प्रदेश स्तरीय सहकारी संघ २ र ७३ वटा जिल्लाका जिल्ला स्तरीय संघहरूसमेत ३३५ वटा सदस्यहरू आवद्ध रहेका छन् । अन्तराष्ट्रिय सहकारी महासंघको सक्रिय सदस्य रहेको महासंघले आफ्ना उद्देश्यहरू प्राप्त गर्न नियमित रूपमा नेपाल सरकार र राष्ट्रिय अन्तराष्ट्रिय सहकारी संघ/संस्थार निकायहरूसंग समन्वय गर्दै आएको छ ।सहकारी ऐन २०७४ को दफा २६ मा महासंघले सदस्यको हित प्रवर्द्धनका लागि देहाय वमोजिमका कार्य गर्ने उल्लेख भएको छ ।

(क) सहकारी मुल्य ,मान्यता र सिद्धान्तको परिपालना गर्ने, गराउने,
(ख) सदस्यको हित प्रवर्द्धनको लागि नेतृत्वदायी भुमिका निर्वाह गर्ने,
(ग) सहकारी क्षेत्रको प्रवर्द्धनको लागि नेपाल सरकारको विभिन्न निकायसंग समन्वय र सहकार्य गर्ने,
(घ) सहकारी व्यवसाय प्रर्वद्धनका लागि व्यवसायिक तथा बजार अध्ययन अनुसन्धान गर्ने, गराउने,
(ङ) शिक्षा, तालिम र सुचना प्रदान गर्ने, गराउने,
(च) बजार सूचना प्रणालीको विकास गर्ने,
(छ) संस्था र संघहरू बीचको पारस्परिक सहयोगमा अभिबृद्धि गर्ने,गराउने,
(ज) अन्तराष्ट्रिय सहकारी अभियानमा पारस्परिक सहयोग अभिबृद्धि गर्ने, समन्वय र सम्बन्ध विस्तार गर्ने
(झ) सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने,
(ञ) विनिमयमा उल्लेखित कार्यहरू गर्ने ।

यसै अनुरूप महासंघले सदस्य संघहरूकोक्षमता विकासका लागि विभिन्न गुणस्तरिय शिक्षा तथा तालिम कार्यक्रमहरू संचालन गर्ने, व्यवसायिक तथा रणनीतिक योजना निर्माण गर्न सहयोग पुऱ्याउने,सहकारी

संघ/संस्थाको नियमित अनुगमन निरिक्षण गरी पृष्ठपोषण दिने, उत्कृष्ट सहकारी संघ/संस्थाहरूलाई प्रोत्साहन गर्न वर्षेनी पुरस्कृत गर्नुका साथै जिल्ला तथा केन्द्रिय संघहरूको सुदृढीकरणका लागि एकीकरणमा प्रोत्साहित गर्दै आइरहेको छ । महासंघले जनस्तरमा सहकारी भावना प्रचार प्रसार गर्न नियमित रूपमा सभा, सम्मेलन तथा समारोह आयोजना गर्दै आउनुका साथै सहकारी सन्देश मासिक पत्रिकाको नियमित प्रकाशन,सहकारी समन्वय सञ्जाल मार्फत सरोकारवाला निकायका प्रतिनिधिहरूसँग नियमित संवाद गरी सोही अनुसार नीति निमार्णमा पहलकदमी समेत गर्दै आएको छ ।

त्यसैगरी नविकरणीय उर्जा प्रविधिहरूको प्रबर्द्धन र लगानी विस्तारका लागि सहकारी संघ/संस्थाहरूको क्षमता विकास गर्ने, सहकारी ऐन, नीति,नियम एवं मापदण्डहरूको समय सापेक्ष परिमार्जन तथा लागु गर्न सम्बन्धित निकायमा वहसपैरवी र सहकारी मैत्री नीति तथा कानूनको तर्जुमा तथा परिमार्जनका लागि निरन्तर वहस समेत अघि बढाउदै आएको छ । यसरी महासंघले सहकारी क्षेत्रको सुदृढीकरणको लागि नेतृत्वदायी भुमिका निर्वाह गर्नुका साथै अभियानको मुख्य प्रवक्ताको रूपमा आफूलाई क्रियाशिल तुल्याउदै आएको छ ।

# परिच्छेद २

## प्रथम रणनीतिक योजना २०७२/७३ –२०७६/७७को समिक्षा

तालिका नं १

### ३. प्रथम रणनीतिक योजनाको प्रमुख लक्ष्यहरू तथा प्रगतिको अवस्था

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
|---|---|---|
| १. सहकारी नीति, ऐन र नियमावलीलाई सहकारीको दर्शन, मूल्य मान्यता अनुसार समयसापेक्ष वनाउन थप पहल गरी कार्यान्वयनको सुनिश्चितता गर्ने, | १.१. महासंघको विनियम तथा कार्यविधिलाई समयसापेक्ष तयार गरी समयसापेक्ष परिमार्जन | विनियम संशाधन तथा थप कार्यविधिहरू तयार भई लागु भएको |
| | १.२. नयाँ संविधानमा सहकारी भरपर्दो तेश्रो खम्वाको रूपमा कायम गर्न गराउन पहल गर्ने गराउने<br>१.३. राष्ट्रिय सहकारी नीति, २०६९ लाई परिमार्जन गरी कार्ययोजनाका साथ कार्यान्वयन गर्न गराउन थप पहल गर्ने | नेपालको संविधानद्धारा सहकारी क्षेत्रको भूमिका स्थापित भएको,<br>राष्ट्रिय सहकारी नीति, २०६९ परिमार्जनको क्रममा रहेको। |
| | १.४. सहकारी ऐन, नियमावली र मापदण्डहरूलाई सहकारी मैत्री वनाउन उच्च तहको पहलकदमी लिई वहसपैरवीगर्ने | सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ मा अभियानको अधिकतम सुझाव समेटिएको |
| | १.५. केन्द्र, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरू तथा उच्च पदाधिकारीहरूलाई सहकारी मूल्य, सिद्धान्त र ऐन नियमका वारेमा अभिमुखीकरण गर्ने। | प्रदेश तथा स्थानीय तहमा गोष्ठी तथा अर्न्तक्रियाका माध्यमवाट सहकारी सिद्धान्त, ऐन तथा नियमकावारे अभिमुखीकरण गर्दै आएको। |
| २. सदस्यहरूको आर्थिक, सामाजिक सांस्कृतिकस्तर वृद्धि गर्न सहकारी संघ/संस्थामार्फत समय सापेक्ष प्रविधिको | २.१. शिक्षा, तालिम र सूचनालाई व्यवस्थितगर्न २०७५/७६ सम्म ५ जना श्रोतव्यक्तिमार्फत तालिम विभागलाई सशक्त वनाउने, | शिक्षा तथा तालिम विभागमा १ जना सिनियर एशोसिएट थप गरिएको |

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
|---|---|---|
| माध्यमद्धारा शिक्षा, तालिम र सूचना र व्यवसायिक क्षमता अभिवृद्धि गर्ने, | २.२. १ वर्षभित्र विभिन्न ५ वटा सहकारी सम्वन्धि तालिम पाठ्यक्रम तयार गर्ने, | सहकारी व्यवस्थापन, सहकारी लेखा व्यवस्थापन, सहकारी व्यवसायिक योजना, सहकारी व्यवसाय तथा उद्यमशिलता विकास, सहकारी वजारीकरण र कर्जा जोखिम व्यवस्थापन गरी ६ वटा पुस्तकको पाठ्यक्रम तैयारी गरी तालिम सहयोगी पुस्तिका निर्माण गरिएको । |
| | २.३.वर्षेनी प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरी ५ वर्षमा ३ सय योग्य प्रशिक्षक तयार गरी स्थानीय तालिम प्रशिक्षणमा परिचालित गर्ने, | हाल सम्म २९६ जना स्थानीय प्रशिक्षकहरू तयार भएको, |
| | २.४. २०७६ सालसम्ममा प्रविधियुक्त सहकारी सूचना केन्द्रको स्थापना गर्ने, | निरन्तर पहलकदमी भैरहेको |
| | २.५. महासंघको शिक्षा तथा तालिम विभागमा २ वर्षभित्र आधारभूत प्राविधिक उपकरणको व्यवस्था गर्ने | व्यवस्था भएको |
| | २.६. आगामी ५ वर्षभित्र अन्तर्राष्ट्रिय तालिम तथा अध्ययन भ्रमण कार्यक्रममा १ हजार जनालाई सहभागी गराउने, | यस अवधिमा अन्तर्राष्ट्रिय तालिम तथा अध्ययन भ्रमणमा ११९५ जनाको सहभागिता भएको |
| | २.७. १ वर्षभित्र सहकारी सन्देशलाई सवै सदस्य संघहरू र प्रदेश तथा स्थानीय तहमा पुरयाउने, | सहकारी सन्देश सवै स्थानीय तहमा पुर्‍याउदै आएको सदस्य संघहरूबाट शुल्क प्राप्त गर्न नसकेको, |
| | २.८. सहकारीका गतिविधि तथा क्रियाकलापहरू टि.भि, रेडियो तथा पत्रपत्रिकामार्फत नियमित प्रशारण र प्रकाशन गर्ने गराउने | अनलाइन, रेडियो, पत्रपत्रिका, टि.भि र सामाजिक सञ्जालमा प्रचार प्रसार भएको |

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
|---|---|---|
| **३.** महासंघका सेवाहरू व्यवसायिक तथा दिगो रूपमा संचालन गर्न व्यवसायिक वनाउदै नियमित आयश्रोत वृद्धि गर्ने, | ३.१.सहकारी तालिम प्रशिक्षण कार्यक्रमहरू व्यवसायिक रूपमा संचालन गरी महासंघको वजेटमा २० प्रतिशत आय गर्ने, | कूल आम्दानीको २.८८ प्रतिशत मात्र आय भएको |
| | ३.२.सहकारीको अध्ययन सामाग्री वितरण गरी महासंघको वार्षिक वजेटको ५ प्रतिशत आय गर्ने, | कूल आम्दानीको २.९८ प्रतिशत आय भएको, |
| | ३.३.सहकारी सन्देश प्रकाशन तथा वितरणबाट महासंघको वार्षिक वजेटको ५ प्रतिशत आय गर्ने, | कूल आम्दानीको ३.९ प्रतिशत आय भएको |
| | ३.४. वैदेशिक तालिम तथा अध्ययन अवलोकन भ्रमणबाट वार्षिक वजेटको ५ प्रतिशत आय गर्ने, | कूल आम्दानीको ४.६ प्रतिशत आम्दानी भएको |
| | ३.५. वार्षिक सेवा शुल्कबाट महासंघको वजेटको ५ प्रतिशत आय गर्ने | कूल आम्दानीको ८.८ प्रतिशत आय भएको |
| | ३.६. सहकारी प्रवर्द्धन कोषबाट वार्षिक वजेटको ५ प्रतिशत आय गर्ने | नभएको |
| | ३.७.सहकारी वचत तथा ऋण र कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्रको स्थापना गरी २ वर्षभित्रमा संचालन गर्ने, | नभएको |
| | ३.८. वेवसाइडमार्फत सहकारीहरूद्वारा उत्पादित वस्तु तथा सेवाहरूको प्रचार प्रसार गरी महासंघको आयमा वृद्धि गर्ने | नभएको |
| ३.१. महासंघ र सदस्य संघ संस्थाहरूको व्यवसायिक योजना निर्माण गरी उद्यमशिलता, सशक्तिकरण एवंम गुणस्तरीय सेवामार्फत आत्मनिर्भर हुने र व्यवसायिकरण गर्ने गराउने | ३.१.१. २०७६ भित्रमा ३० वटा सदस्य संघका व्यवसायिक योजना निर्माण गर्ने गराउने र कम्तीमा २५ प्रतिशत सदस्य संघहरूको व्यवसायिक योजना निर्माणमा सघाउ पुरयाउने, | हाल सम्म १२ वटा सदस्य संघको व्यवसायिक योजना निर्माण र २३ वटा संघको रणनीतिक योजना तर्जुमा गरेको |
| | ३.१.२. सहकारी प्रवर्द्धनका लागि २०७६ भित्र नेपाल सरकार, सहकारी विभागसंग ५ करोड र सहकारी प्रवर्द्धन कोषको रकम कम्तीमा १ करोड लिने, | मन्त्रालयबाट विगत २ वर्षदेखि ३ करोड वजेट प्राप्त गरिरहेको, सहकारी विभागवाट र प्रवर्द्धन कोषको रकम प्राप्तीका लागि पहल भैरहेको, |

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
|---|---|---|
| | ३.१.३. सहकारीबाट उत्पादित कम्तीमा ३ वटा उच्च मूल्यका वस्तुको अन्तर्राष्टिय वजारीकरण गर्न समन्वय गर्ने, | हुन नसकेको |
| | ३.१.४. सरकार र अन्य निकायसंगको समन्वयमा मुलुकभर ५ वटा शीतभण्डार निर्माण सम्पन्न पहल गर्ने | नवलपरासी, सप्तरी र स्यांजामा निर्माणाधिन रहेको । |
| | ३.१.५. २०७६ भित्र सहकारीद्धारा सञ्चालित व्यवसायलाई व्यवस्थित गर्न सबै स्थानीय तह र प्रदेशमा वजेट व्यवस्थापन गराई व्यवसायिक, प्राविधिक तथा अन्य आवश्यक तालिम दिने, | आंशिक हुदै आएको |
| | ३.१.६. नेपाल सरकार तथा अन्य निकायसंग सहकार्य गरी सहकारी क्षेत्रमा ५ वटा प्रशोधन इकाईहरूको स्थापनामा पहल गन | विभिन्न जिल्लामा भइरहेको |
| | ३.१.७. २०७६ सम्ममा कृषि, पर्यटन, जलश्रोत क्षेत्रमा १० वटा विशिष्टीकृत संघ निर्माण गरी कार्यथालनीको पहल गर्ने, | कृषि र पर्यटनका ४ वटा र आवासको १ वटा विशिष्टीकृत संघ निर्माण भएको, अन्य प्रयास भइरहेको |
| | ३.१.८. महिला तथा युवा वर्गलाई सहकारीमा आवद्ध गर्न गराउन अभिप्रेरित गर्न र तिनको कम्तीमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने | समग्रतामा ३९ प्रतिशत पुगेतापनि धेरैमा पुगन वांकी |
| ४. सहकारीमार्फत दिगो विकासका लक्ष्य प्राप्तिका लागि प्रेरित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने, | ४.१. २०७६ भित्रमा ७५३ स्थानीय तहमा सहकारी समन्वय सञ्जालको गठन गर्ने | गठन भइरहेको |
| | ४.२. २०७६ भित्रमा गठन भएका सवै प्रदेश तथा जिल्ला संघहरूलाई सदस्यता प्रदान गर्ने, | सदस्यताका लागि आवेदन गर्ने सवै जिल्ला स्तरीय संघ एवं प्रदेश सहकारी संघहरू सदस्य भएका |

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
|---|---|---|
| | ४.३. सहकारी तथा अन्तर्राष्टिय सहकारी महासंघ र सहयोगी निकायहरूसंग सहकार्य गरी प्रत्येक वर्ष राष्टिय तथा अन्तर्राष्टिय दिवस मनाउने, | मनाउदै आइएको |
| | ४.४. २०७४ चैत्र भित्रमा दोश्रो राष्टिय सहकारी महासम्मेलन गर्ने, | २०७४ साल चैत्र २१ र २२ गते सम्पन्न भएको |
| | ४.५. सहकारी क्षेत्रको प्रवर्द्धन एवंम विस्तारको लागि हुने सभा, समारोह, सम्मेलन, बैठकहरूमा सहभागी हुने, | भइरहेको |
| | ४.६ आईसिए वोर्ड, क्षेत्रीय वोर्ड र नेडाकमा नेतृत्व स्थापित गर्ने र निरन्तरता दिने, | आईसिए एशिया प्रशान्त क्षेत्रीय वोर्डमा महासंघका निवर्तमान अध्यक्षज्यू, आईसिए ग्लोवल वोर्डमा महासंघका वरिष्ठ उपाध्यक्षज्यू, र नेडाककोउपाध्यक्षमा महासंघका सञ्चालकज्यूको प्रतिनिधित्व गर्दै आउनुभएको । |
| | ४.७. विषय र उद्देश्यमा मिल्ने केन्द्रिय संघहरू एकीकरण गर्ने | केन्द्रिय तरकारी तथा फलफूल सहकारी संघ र केन्द्रीय विउविजन सहकारी संघ विच एकिरण भएको । |
| ५. व्यवस्थापन सूचना प्रणाली मार्फत सहकारी संघ संस्थाहरूमा अनुगमन एवंम सुशासन कायम गर्ने, | ५.१. सदस्य संघहरूको विनियमलाई सहकारी ऐन, २०७४ अनुरूप संशोधन गर्न लगाउने, | भइरहेको |
| | ५.२. सदस्य संघहरूको आर्थिक प्रशासन नियमावली र कर्मचारी प्रशासन नियमावली निर्माण गर्न लगाउने, | भइरहेको |
| | ५.३. २०७६ भित्रमा १०० सदस्य संघहरूको अनुगमन एवंम निरिक्षण गर्ने, | १०१ वटा संघहरूको अनुगमन भएको |

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
|---|---|---|
| | ५.४. सहकारी संघहरूमा सहकारी लेखा प्रणाली लागु गर्न सफटवेयर तयार गरी २० वटा संघहरूमा पाईलटिंग गर्ने, | नभएको |
| | ५.५. २०७६ भित्रमा अनलाइनमार्फत भरपर्दो सूचना प्रणालीको विकास गर्न पायलटिंग गरिएका कम्तीमा ५ जिल्लाका १० संघहरूको अनुगमन तथा मूल्यांकन गर्ने, | नभएको |
| | ५.६. मन्त्रालय तथा संघहरूसंग समन्वय गरी कोपोमिस सम्वन्धि प्रति वर्ष कम्तीमा ५ वटा क्रियाकलाप संचालन गर्ने | भइरहेको |
| ६. विभिन्न तहका सहकारीहरूका व्यवसायिक क्रियाकलापहरूलाई प्रवर्द्धन गर्न सहयोग पुरयाउने | ६.१. सहकारी संघ संस्थाले गरेका नमुनायोग्य कम्तीमा २ वटा कार्यलाई अर्न्तराष्ट्रियस्तरमा पुरयाउने, | नेपालको सहकारी अभियान र सहकारी संस्थाहरूका नमुना योग्य कार्यहरूको डकुमेन्टी तैयार गरी अन्तरराष्ट्रियस्तरमा प्रचार प्रसार गरिदै आएको |
| | ६.२. २ वर्षभित्र सम्पूर्ण संघ संस्थाहरूको विस्तृत विवरण तयार पार्ने, | नभएको |
| | ६.३. उत्कृष्ट कार्य गर्ने सदस्य संघहरूमध्ये केन्द्रीय संघबाट १, जिल्ला संघबाट २ र विषयगत संघबाट ४ वटालाई प्रत्येक वर्ष पुरस्कृत गर्ने, | पुरस्कृत भइरहेको |
| | ६.४. एक वर्षभित्र ५ जिल्लामा उत्पादित वस्तुको संकलन केन्द्र स्थापना गर्न प्रोत्साहित गर्ने, | महासंघसंगको समन्वयमा सहकारी वजार विकास कार्यक्रम (सिएमडिपी) वाग्मती प्रदेशका ६ जिल्ला लगायत अन्य जिल्लाहरूमा पनि विस्तार भइरहेको |

| रणनीतिक लक्ष्यहरू | रणनीतिहरू | उपलब्धि |
| --- | --- | --- |
| | ६.५. दातृनिकायहरूलाई सहकारीमा संलग्न गराउने सम्वन्धि प्रत्येक वर्ष कम्तीमा २ वटा गोष्ठी अर्न्तक्रिया गर्ने, | सहकारी समन्वय सञ्जालको वैठकमा भइरहेको |
| | ६.६. उत्पादित वस्तु तथा सेवाहरूको वार्षिक रूपमा केन्द्रस्तरमा कम्तीमा १ वटा प्रदर्शनी गराउने | नभएको |

# परिच्छेद ३
# परिस्थिति तथा वातावरण विश्लेषण

## ५. नेपालमा सहकारी संघ/संस्थाहरू र सदस्य संघहरूको विवरण

तालिका नं. २

| प्रदेश | जिल्लाको सख्या | सहकारी संस्थाहरू | सहकारी संघहरू | महासंघमा आवद्ध संघहरू | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १४ | ४७३७ | ५८ | ५६ | ९६ |
| २ | ८ | ४१५३ | ३८ | ३८ | १०० |
| वागमती | १३ | १०४१८ | ८२ | ७७ | ९३ |
| गण्डकी | ११ | २६७१ | ५४ | ४९ | ९० |
| लुम्विनी | १२ | ३७५५ | ४८ | ४६ | ९७ |
| कर्णाली | १० | १९६७ | १७ | २३ | १०० |
| सुदूरपश्चिम | ९ | २०६० | २८ | २४ | ८५ |
| प्रदेश संघ | | | ८ | २ | २५ |
| केन्द्रिय संघ | | | १९ | १९ | १०० |
| सहकारी बैंक | | २९८८६ | १ | १ | १०० |
| जम्मा | ७७ | २९८८६ | ३५३ | ३३५ | ९५ |

## ६. महासंघका सदस्य संघहरूको वित्तिय तथा समष्टिगत सुशासनको अवस्थाः

विद्यमान अवस्थामा महासंघका अधिकांश सदस्य संघहरू व्यवसायिक तथा आत्मनिर्भर नभएको कारण उनीहरूको वित्तीय अवस्था कमजोर रहेको छ । अधिकांस सदस्यसंघहरूले ठोस व्यवसाय गर्न नसक्दा वाह्यनिर्भरता रहेको छ । सदस्य संस्थाहरूको आवश्यकता र माग वमोजिम नियमित सेवा प्रवाह गर्न नसक्दा संघहरूप्रति सहकारी संस्थाहरूको उत्साहवर्द्धक सहभागिता रहेको देखिदैन ।

वित्तिय सक्षमताको अभावमा सदस्य संघहरूमा दक्ष जनशक्ति रहन नसक्नु र अर्कोतर्फ नेतृत्वले अपेक्षित रूपमा सदस्यहरूको माग वमोजिम सक्रिय भई सेवा प्रवाह गर्न नसक्नु तथा कमजोर प्रतिवद्धता र राजनीतिक प्रभावको कारणले सहकारी संघहरू व्यवसायिक मोडलमा जान सकेका छैनन् । यसरी वित्तिय अवस्था संतोषजनक नहुनाले गुणस्तरीय क्रियाकलापहरूमा न्यूनता, व्यवसायिक क्रियाकलापमा कमी, विश्वास आर्जनमा कमी र कमजोर वहस पैरवी रहेको छ ।

यद्यपि हालका दिनहरूमा कतिपय सहकारी संघहरूले व्यवसायिकतालाई अंगाल्दै वित्तिय अवस्था सुधारोउन्मुख रहेको छ । वित्तिय लगानी, कृषि उपजमा मूल्य श्रृखलाको विकास, ट्रेडमार्कको प्रयोग र व्यवसायिक भौतिक पूर्वाधार र सरोकारवाला निकायसंगको समन्वय र सहकार्यले तुलनात्मक रूपमा वित्तिय अवस्था सुध्रदै गएको छ ।

महासंघका सदस्य संघहरूमध्ये एक तिहाई सदस्य संघहरूको विवरणका आधारमा देहाय अनुसारको वित्तीय अवस्था रहेको देखिन्छ ।

| विवरण | तुलनात्मक वित्तीय अवस्थाका सूचकहरू (प्रतिशतमा) | | |
|---|---|---|---|
| | १ लाखसम्म | १० लाखसम्म | १० लाख भन्दामाथि |
| शेयर पूजी | २८.४६ | ४२.२८ | २९.२७ |
| | | | |
| | १० लाखसम्म | १ करोडसम्म | १ करोडभन्दामाथि |
| वार्षिक कारोवार | ४२.२८ | ३१.७१ | २६.०२ |
| | | | |
| | जग्गा मात्र | जग्गा र भवन | केही नभएको |
| स्थायी सम्पत्ति | ६.७३ | १९.२३ | ७४.०४ |
| | | | |
| | नाफामा रहेको | नोक्सानमा रहेको | |
| नाफा नोक्सान | ७५.२८ | २४.७२ | |

यसै गरी सदस्य संघहरूको सुशासनको अवस्था समेत कमजोर रहेको छ । नेतृत्वको होडवाजीका लागि संघ गठन भई सञ्जालमा आवद्ध मात्र हुने प्रवृत्तिले गर्दा संस्थागत सुशासनमा ध्यान पुगन सकेको छैन् । सहकारी ऐन, नियमावली अनुरूप लेखा परिक्षण गर्न नसक्नु, नियमित साधारण सभा नहुनु, समितिको नियमित निर्वाचन हुन नसक्नु र वैठक समेत वस्न नसक्नु आदि कारणले गर्दा संघहरूमा सुशासन कमजोर अवस्थामा रहेको पाइन्छ । संघहरूको विनियम अद्यावधिक नहुनु, आवश्यक कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा नहुनुले पनि सुशासनको अवस्था कमजोर रहेको पाइन्छ । केही संघहरू भने व्यवसायिक एवंम सुशाशित रहेका भएतापनि उल्लेख्य सदस्य संघहरूको वित्तीय अवस्था हेर्दा सुदृढ रहेको छैन् । महासंघबाट पछिल्लो वर्षहरूमा सदस्य सहकारी संघ/संस्थाको अनुगमन तथा निरिक्षण गरी केही सुधार हुने दिशामा अगाडि वढेका छन् । सदस्य संघहरूको वर्तमान सुशासनको अवस्थावारे एक तिहाई सदस्य संघहरूमा गरिएको सर्वेक्षणको नतिजा देहाय अनुसार रहेको छ ।

| विवरण | तुलनात्मक सुशासनका सूचकहरू (प्रतिशतमा) | | |
|---|---|---|---|
| | भएको | नभएको | |
| आ.ब. २०७६र७७ सम्म लेखा परिक्षण | ९४.६४ | ५.३६ | |
| | | | |
| | पौष मसान्तभित्र | पौषमसान्त पश्चात | सम्पन्न नभएको |
| साधारण सभा | ६६.३८ | २२.४१ | ११.२१ |
| | | | |
| | ४ वर्ष अवधि वांकी | अवधि नाघेको | |
| निर्वाचन | ७७.३८ | २२.३२ | |

यति हुँदाहुदै पनि वित्तिय अवस्था, नियमनकारी निकायको प्रभावकारी अनुगमनमा कमी, राजनैतिक हस्तक्षेप, सुशासन परिक्षणको सुचाङ्क एवंम नेतृत्वको प्रतिवद्धताको अभावले सुशासन परिपालनाको अवस्था चुनौतीपूर्ण रहेको छ । पारदर्शि व्यवसायिक क्रियाकलाप, निर्वाचन प्रणाली, नेतृत्व तथा कर्मचारी चयन लगायतका महत्वपूर्ण कदमहरूमा सुशासनका आधारहरू स्थापित भएका छैनन् । नियामक निकाय र महासंघ मार्फत गरिने अनुगमनलाई थप प्रभावकारी वनाउने स्पष्ट आधार तयार गर्न आवश्यक रहेको छ । सहकारी ऐनमा व्यवस्था गरिएको कर्जा सूचना केन्द्रले धेरै हद सम्म वित्तिय तथा संस्थागत सुशासनमा सहयोग पुग्न सक्दछ यस अर्थमा सहकारी कर्जा सूचना केन्द्रको आवश्यकता टड्कारो रहेको छ ।

यसरी हेर्दा समग्रमा वित्तीय तथा सुशासनको अवस्था सुधारात्मक देखिएतापनि त्यो पर्याप्त भने छैन । यसर्थ, यसका सुस्पष्ट आधार वित्तीय सूचक तथा मापदण्डहरू तयार गरी संघहरूमा लागु गर्न गराउन जरूरी रहेको छ ।

## ७. महासंघ संचालनका नीतिगत व्यवस्थाहरू

महासंघका हरेक क्रियाकलापहरू नीति, विधि र कार्यविधि सम्मत तथा व्यवस्थित रूपमा संचालन गर्नका लागि सहकारीका दर्शन, सिद्धान्त, मूल्यहरूका साथै सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५का, अतिरिक्त महासंघद्वारा तर्जुमा गरिएका देहायका नीति, कार्यविधि तथा निर्देशिकाहरूरहेकाछन् ।

१. विनियम, २०५० (संशोधन सहित)

२. समिति उपसमिति संचालन कार्यविधि, २०६१ (संशोधन, २०७१)

३. आर्थिक प्रशासन कार्यविधि, २०७५ (संशोधन सहित)

४. कर्मचारी प्रशासन कार्यविधि, २०७५ (संशोधन सहित)

५. प्राकृतिक विपत्ति उद्धार कोष परिचालन कार्यविधि, २०७२

६. सहकारी सन्देश प्रकाशन तथा वितरण कार्यविधि, २०७२

७. वैदेशिक तालिम तथा कार्यक्रम सहभागी छनौट कार्यविधि, २०७२

८. शिक्षा तथा तालिम संचालन कार्यविधि

९. वैठक संचालन कार्यविधि, २०७४

१०. सवारी साधन परिचालन कार्यविधि, २०७५

११. सहकारी संघ/संस्थाको अनुगमन निर्देशिका, २०७५

१२. सहकारी पुरस्कार छनौट निर्देशिका, २०७५

१३. कार्यालय उपकरण वितरण निर्देशिका, २०७६

१४. कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका, २०७६

१५. कोपसप प्रवर्द्धनका लागि अनुदान प्रदान गर्ने निर्देशिका, २०७६

१६. पञ्चवर्षिय रणनीतिक योजना (२०७२/७३ देखि २०७६/७७)

१७. पञ्चवर्षिय व्यवसायिक योजना (२०७६/७७–२०८०/८१)

१८. सञ्चार रणनीति, २०७७

१९. सहकारीमार्फत दिगो उत्पादन र उपभोग सम्वन्धी मार्गदर्शन, २०७७

२०. सहकारीमा लैंगिक समावेशिता मार्गदर्शन, २०७७

२१. आन्तरिक लेखा परिक्षण मार्गदर्शन, २०७७

२२. तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

२३. सदस्य संघ साझेदारी सञ्चालन कार्यविधि, २०७७

२४. आन्तरिक लेखा परिक्षण कार्यविधि, २०७७

२५. सहकारीहरूको स्तरीकरण कार्यविधि, २०७७

२६. भर्चुअल साधारण सभा सञ्चालन कार्यविधि, २०७७

२७. भर्चुअल वैठक संचालन कार्यविधि, २०७७

२८. प्रादेशिक उपसमिति गठन तथा संचालन कार्यविधि, २०७७

## ८. परिस्थिति विश्लेषण

- नेपालको संविधानले अवलम्वन गरेको तीनखम्वे अर्थनीतिले सहकारी क्षेत्रलाई आर्थिक विकासको एउटा महत्वपूर्ण स्तम्भको रूपमा मान्यता दिई प्राथमिकतामा राखेको छ ।
- संघीय, प्रदेश तथा स्थानीय सरकारहरूले सहकारी प्रवर्द्धन तथा नियमनका लागि आवश्यक कानून, नियम, निर्देशिकाहरूको प्रवन्धका साथै वित्तीय सहयोग गर्दै आएका छन् ।
- सदस्य संघहरूको व्यवसायिक क्षमता अभिवृद्धिका लागि महासंघद्वारासञ्चालन गरिदै आएका शिक्षा तथा तालिमका कार्यक्रमहरू, व्यवसायिक तथारणनीतिक योजना निर्माण लगायतका क्रियाकलापहरूपरिणाममुखी रहदै आएकाछन् ।
- महासंघद्वारा व्यवसायिक रूपमा संचालन गरिदै आएका शुल्कमा आधारित तालिम कार्यक्रमहरू प्रति आकर्षण वढ्दै गएको छ ।
- सहकारी सम्वन्धि सूचना तथा प्रचार प्रसारका लागि सरकारी, सहकारी र निजीस्तरवाट समेत टेलिभिजन, रेडियो, अनलाइन लगायतका कार्यक्रमहरू संचालन भइरहेका छन् ।
- सदस्य संघहरूमा विशेष गरी जिल्लास्तरीय संघहरूमा कर्मचारी अभाव रहेको र नियमित क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

- जिल्ला सहकारी संघहरूले स्थिर सम्पत्तिहरूको उपयोग गर्न नसकेको देखिन्छ ।
- कतिपय सदस्य संघहरूले ऐन नियम अनुरूप नियमित लेखापरिक्षण, साधारण सभा र निर्वाचन समेत नगरेको पाइएको छ ।
- सहकारी संघ/सस्थाहरूलाई एकिकरणमा जोड दिईरहेको सन्दर्भमा केही स्थानिय तहमा सहकारी संस्थाहरू दर्ता भईरहेका छन् ।
- महासंघलाई श्रोत केन्द्रको रूपमा विकास गर्न सकिएकोछैन् ।
- वातावरणीय संरक्षणका हिसावले महासंघले प्रयोग गर्ने सामग्रीहरू प्लास्टिकरहित हुन सकेको छैन्
- संचालक तथा कर्मचारीहरूले स्वमूल्याङ्कनविधिको पूर्ण प्रयोग गरेका छैनन् ।
- सहकारीबाटै छापाखाना संचालन हुन सकेको छैन् ।
- सहकारी वहुउद्वेश्यीय भवन (कोप मार्ट) निर्माण तथा संचालन हुन सकेकाछैनन् ।
- सरकार तथा निजी क्षेत्रको सहकारी सम्वन्धी नीति, कार्यक्रम र व्यवहारमा तादम्यता आउन सकेको छैन ।
- महासंघले आफ्नोसदस्य संघहरूको विवरण र अवस्थाको अद्यावधिक विवरण राख्न सकेको छैन्।
- सहकारी संघ/संस्थाहरूको स्तरिकरणको अभाव रहेको छ ।
- महासंघको वर्तमान आर्थिक, भौतिक, मानव संशाधन पर्याप्त छैन।
- सहकारी क्षेत्रमा दक्ष जनशक्ति आउन नसकेको र कम रूचि एंवमसंग्लग्नतातथा टिकाउको अभाव रहेको छ ।
- सहकारी क्षेत्रमा अध्ययन तथा अनुसन्धानको कमी रहेको छ ।
- मुलुकको संघीय संरचना अनुरूप अभियानको संरचना वोझिलो रहेको छ ।
- महासंघको स्थायी आयस्रोतको अभावमा पर्याप्त स्रोत साधन र जनशक्ति परिचालन गर्न सकिएको छैन् ।
- महासंघ विगतको घाटालाई परिपूर्ति गरी मुनाफातिर अग्रसर रहेको छ ।
- महासंघलाई आत्मनिर्भर र सवल रूपमा अघि वढाउनका लागि ईच्छा शक्तिमा कमी देखिएको छ ।

## ९. अवसर, वाधा, कमजोरी र सवल पक्ष (अ.बा.क.स.)

महासंघको वर्तमान अवस्था विश्लेषण गरी दोस्रो रणनीतिक योजना निर्माणका क्रममा देखिएका अवसर, वाधा, कमजोरी र सवल पक्षहरू यस प्रकार रहेका छन् ।

### महासंघको अ.बा.क.स. विश्लेषण

| क्षेत्र | सवल पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|
| आन्तरिक | सहकारी अभियानको सुदृढीकरणमा क्रियाशिल महासंघ | आत्मनिर्भर बन्न नसक्नु |
| | ९० प्रतिशत भन्दा वढी संघहरूको आवद्धता | वार्षिक सेवा शुल्क वैज्ञानिक वनाउन नसक्नु |
| | सहकारी ऐनमा महासंघको कार्यहरूसमावेश | अधिकांश सदस्य संघहरूलाई सवल र सक्षम वनाउन नसक्नु र आत्मनिर्भर वनाउन नसक्नु |
| | पर्याप्त भौतिक पूर्वाधार | सेवा गुणस्तरीय र नविनतम वनाउन नसक्नु |
| | नीति, कार्यविधि र निर्देशिकाका आधारमा कार्यक्रम कार्यन्वयन | नेतृत्वमा उच्च समन्वय तथा सहकार्यमा कमी |
| | समावेशी र परिपक्क नेतृत्व | सदस्य संघहरूको यथार्थ विवरण सहितको तथ्यांक व्यवस्थित गर्न नसक्नु |
| | अनुभवी र दक्ष जनशक्ति | स्थिर सम्पत्तिको पूर्ण उपयोग नहुनु |
| | सरकारी तथा अन्य विभिन्न निकायमा प्रतिनिधित्व | दक्ष जनशक्तिको अपर्याप्तता एवंम स्थायित्वको कमी |
| | सहयोगी निकायहरूको सकारात्मक सहयोग | केही आवद्द केन्द्रिय तथा जिल्ला स्तरीय सहकारी संघहरूको लेखापरिक्षण, साधारण सभा नियमित गराउन नसक्नु |
| | अन्तर्राष्ट्रिय सहकारी महासंघ र नेडाकको सक्रिय सदस्य | होस्टेल सहितको सुविधा सम्पन्न तालिम केन्द्रको अभाव |
| | विभिन्न मुलुकका सहकारी अभियानसंग सुमधुर सम्वन्ध | राष्ट्रियस्तरमा नेतृत्व गर्ने अगुवा सहकारीकर्मीहरूको प्रारम्भिक संस्था तथा जिल्ला सहकारी संघहरू कमजोर हुनु |
| | अन्तराष्ट्रिय सहकारी महासंघको ग्लोवल वोर्ड र क्षेत्रीय वोर्डमा नेतृत्वदायी भूमिका | सहकारी ऐनद्वारा प्रदत्त जिम्मेवारी अनूरूप उत्पत्तिको प्रमाणपत्र जारी गर्न नसक्नु |
| | विभागीय कर्मचारी संरचना | उत्पादित वस्तुको वजारीकरणमा समन्वय गर्न नसक्नु |
| | तालिम प्रशिक्षण म्यानुअलका आधारमा विशिष्टीकृत तालिम कार्यक्रमहरू संचालन | अधिकांश सहकारी संस्थाहरूले वित्तिय कारोवारलाई मात्र प्राथमिकता दिनु |
| | कार्यसम्पादनका आधारमा प्रोत्साहित गर्ने नीति | गुणात्मकताका आधारमा सहकारी संस्थाहरूको स्तर निर्धारण गर्न नसक्नु |
| | वित्तीय अवस्थामा सुधार हुदै गएको | योजनाहरूको पूर्ण कार्यान्वियन गर्न नसक्नु |
| | प्रदेश सरकार तथा स्थानीय तहसंगको समन्वयात्मक सम्वन्ध | सहकारी संघ/संस्थाहरूलाई व्यवसायिक तथा शिपमूलक प्रशिक्षण दिन नसकिनु |

| क्षेत्र | सवल पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|
| | नियमित रूपमा सहकारी सन्देश प्रकाशन | सामाजिक आर्थिक विकासमा सहकारीको योगदान सम्वन्धी अध्ययन अनुसन्धान गर्न नसकिनु |
| | अनुगमन तथा निरिक्षण गरी सहकारी संघ/संस्थालाई पृष्ठपोषण प्रदान | सवै तहमा पर्याप्त वहस पैरवी गर्न नसकिनु |
| | आफ्नै स्वामीत्वमा जग्गा | प्रत्यक्ष राजनैतिक हस्तक्षेप वढदै जानु |
| | कार्यसञ्चालनका लागि आवश्यक नीति, रणनीति, कार्यविधि तथा निर्देशिकाहरूको उपलव्धता | |

| क्षेत्र | अवसरहरू | चुनौतीहरू (वाधा) |
|---|---|---|
| वाह्य | संविधानद्वारा अर्थतन्त्रको एक खम्वाको रूपमा सहकारी स्थापित | सहकारी सुशासनमा कमी |
| | सहकारी क्षेत्रको सञ्जाल व्यापक हुनु | सहकारीको अध्ययन अनुसन्धानको अभाव |
| | सरकारको आवधिक योजना तथा कार्यक्रममा सहकारी क्षेत्र प्राथमिकतामा पर्नु | प्राकृतिक विपद् तथा महामारीको प्रभाव |
| | महिला, युवा तथा पिछडिएको वर्ग तथा समुदायको आवद्धतामा वृद्धि हुदै गएको | सहकारी ऐन, नियमावलीमा संशोधन हुन नसक्नु |
| | आमसमुदायवीच सहकारीप्रति सकारात्मक वुझाई | अन्र्तसम्वन्धित ऐनहरू सहकारीमैत्री हुन नसक्दा सहकारी उद्योग, व्यवसाय तथा सेवा व्यवसायहरू संचालन हुन नसक्नु |
| | उत्पादन, प्रशोधन, वितरण एवंम उद्योगधन्दामा सहकारीको संलग्नता बृद्धि हुदै जानु, | यथार्थपरक र अद्यावधिक तथ्यांकको अभाव |
| | ऐनमा सहकारी प्रवर्द्धन कोषको व्यवस्था | संघ, प्रदेश तथा स्थानीय तीन तहका सरकारको नियमनको व्यवस्था एवंम ऐनहरूमा असमाञ्जस्ता |
| | ऐन नियममा कर्जा सूचना केन्द्र, वचत तथा ऋण सुरक्षणको स्थापना हुने व्यवस्था | निजी, सरकारी र सहकारी विच समन्वयको अभाव |
| | नविन प्रविधिको प्रयोगको शुरूवात | मूल्य श्रृखला विकास हुन नसक्नु |
| | अन्तराष्ट्रिय सहकारी अभियानमा सक्रिय आवद्धता | सहकारीवाट उत्पादित वस्तुहरूको व्राण्डिग तथा कलेक्टीभ मार्क लिन नसक्नु |
| | सामाजिक पूँजी निर्माणमा योगदान | राजनिति दलहरूमा सहकारीप्रतिको वुझाईमा अस्पष्टता |
| | विशिष्टीकृत सहकारी संघको स्थापना हुने व्यवस्था | सहभागिताको हिसावमा महिला नेतृत्वमा आउन नसक्नु |
| | सदस्य संघ/संस्थाको अनुगमन र निरिक्षणमा संघ, महासंघको भूमिका स्थापित हुनु | सहकारीमा नयाँपीढी तथा यूवा संलग्नतामा कमी |
| | अन्तराष्ट्रिय साझेदार संस्थाहरूको सहयोग | सरकारी वजेट प्राप्तिमा अनिश्चय |

## १०. रणनीतिक योजना निर्माण गर्दा लिईएका मान्यता तथा आधारहरूः

- सहकारीको दृष्टिकोण प्रति तिनै तहका सरकारको नीतिमा कुनै परिवर्तन आउने छैन ।
- प्रदेश तथा स्थानीय सरकारको परस्पर सहयोग र समन्वयमा वृद्धि भएर जानेछ ।
- सरकारको दिर्घकालिन लक्ष्य र १५औं पञ्चवर्षिय योजना एवंम नीतिहरूमा उल्लेखित उद्देश्य अनुसार सहकारीलाई प्रदान गरिने सहयोगमा कायम रहनेछ ।
- दिगो विकास लक्ष्यका कम्तिमा १५ वटा लक्ष्यमा योगदान पुऱ्याउने मान्यता रहनेछ ।
- महामारी तथा प्राकृतिक विपत्तिमा सरकार, निजी क्षेत्र र सहकारीवीच समन्वय र सहकार्य रहनेछ ।
- विकास साझेदार र यूएन निकायहरूले रणनीतिक पत्रमा उल्लेखित साझेदार कार्यक्रम तथा परियोजनाहरूमा सहकारी अभियानसँगसहकार्य गर्नेछन् ।
- सहकारी ऐनमा गरिएको विद्युतिय सुशासन र कोष स्थापना गर्ने व्यवस्था कार्यान्वयन हुनेछ ।

उल्लेखित आधार र मान्यतामा रही यो दशवर्षिय रणनीतिक योजना तयार गरिएको छ ।

## ११. परिकल्पना (Vision)

**दिगो एवं मर्यादित सहकारी अभियानको नेतृत्वदायी महासंघ**

**(A Leading Federation of Sustainable and Decent Cooperative Movement )**

## १२.ध्येय(Mission)

- प्रतिस्पर्धि जनशक्तिमार्फत गुणस्तरीय सेवा प्रवाह गरी सवल र सक्षम सदस्य संघहरूको विकास,
- नीति, योजना र कार्यक्रममा आधारित प्रविधिमैत्री सुशासित सहकारी संघ/संस्थाको प्रवर्द्धन,
- सरोकारवाला निकायहरूसंग समन्वयात्मक सम्वन्ध विकास गरी सहकारी अभियानको सुदृढीकरण

## १३.संस्थागत/कोर मूल्य(Corporate/Core Values)

- प्रतिवद्धताः सहकारीका मूल्य, मान्यता र सिद्धान्त एवंम ऐननियम, विनियमको पूर्ण पालना गर्दै संस्थागत लक्ष्य हासिलका लागि नेतृत्व तथा व्यवस्थापकीय कर्मचारी प्रतिवद्ध रहनेछन् ।
- समावेशिताः महासंघका वस्तु तथा सेवा प्रवाह, कर्मचारी छनौट तथा नेतृत्व चयनमा समावेशिताको आधारलाई अवलम्वन गरिनेछ ।

- उत्कृष्टताः महासंघका वस्तु तथा सेवालाई गुणस्तरीय, प्रतिस्पर्धि तथा उत्कृष्ट रूपमा प्रवाह गरिनेछ ।
- पारदर्शिताः महासंघका सम्पूर्ण आर्थिक तथा प्रशासनिक क्रियाकलाप एवंम सेवाहरूलाई नीति, विधि तथा प्रविधिका आधारमा पारदर्शी वनाइनेछ ।
- नवप्रवर्तनः महासंघका सेवा तथा क्रियाकलापहरूलाई नविन प्रविधि, खोज तथा अन्वेषणमा आधारित वनाइनेछ ।
- दिगोपनाः महासंघका सेवा तथा क्रियाकलापहरू व्यवसायिक एवंम गुणस्तरीय वनाउँदै दिगो रूपमा संचालन गरिनेछ ।

## १४.रणनीतिक स्तम्भ (Starategic Pillar)

१४.१.अनुकुल वातावरण निर्माण (Enabling Environment)

१४.२. स्वनियमन र सुशासन(Self-Regulation and Governance)

१४.३. सवल सदस्य संघ(Robust Member Union)

१४.४. व्यवसायिक तथा आत्मानिर्भर महासंघ(Professional and Self— sustained NCF)

## १५. रणनीतिहरू (Strategies)

अनुकुल वातावरण निर्माण (Enabling Environment)

- सहकारी मैत्री ऐन नियम निर्माणमा मूख्य भूमिका निर्वाह गर्ने,
- सहकारीमैत्री सरकारी नीति तथा कार्यक्रम निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने,
- सरोकारवाला निकायहरूवीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।
- प्रभावकारी सञ्चार र जनसम्पर्क अभिवृद्धि गर्ने ।
- औपचारिक शिक्षामा सहकारी विषयको अध्ययन अध्यापन स्थापित गर्ने ।
- सहकारीका वस्तु तथा सेवामा विश्वसनियता अभिवृद्धि गर्ने ।
- समावेशी सहकारी अभियान निर्माण गर्ने ।

स्वनियमन र सुशासन (Self-Regulation and Good Governance)

- सहकारीसंग सम्वन्धित कानुनहरूको पूर्ण पालनामा जोड दिने ।
- सदस्यको सक्रिय सहभागितामा अभिवृद्धि गर्ने ।

- सुदृढ आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्ने ।
- सहकारी संघ/संस्थाहरूलाई पारदर्शी एवंम जवाफदेही वनाउने ।
- सहकारी अनुगमन प्रणालीलाई सुदृढ वनाउने ।
- सहकारी संस्कृतिको विकास गर्ने ।
- नविनतम प्रविधिको प्रयोगमा जोड दिने ।

**सवल सदस्य संघ** (Robust Member Union)

- संघहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- संघहरूलाई व्यवसायिक वनाउने,
- सहकारी सहकारीवीचको व्यवसाय अभिवृद्धि गर्ने,
- सदस्यसंघहरू विच साझेदारी कार्यक्रम अभिवृद्धि गर्ने,
- सहकारीहरूवीच एकीकरण अभियानलाई प्रोत्साहित गर्ने ।
- श्रोत साधनको परिचालनमार्फत आत्मनिर्भर वनाउने ।
- सहकारी सञ्जाललाई सुदृढ गर्ने

**व्यवसायिक तथा आत्मानिर्भर महासंघ** (Professional and Self Sustained NCF)

- मानव संसाधनलाई प्रतिस्पर्धि एवंम व्यवसायिक वनाउने,
- श्रोत र साधनको अधिकतम परिचालन गर्ने,
- सदस्यता शुल्क वैज्ञानिक वनाउने,
- शिक्षा तथा तालिमहरूव्यवसायिक रूपमा संचालन गर्ने,
- व्यवसाय प्रवर्द्धन तथा परामर्श सेवा विस्तार गर्ने,
- व्यवसायिक परियोजनामा लगानी गर्ने ।
- साझेदार निकायहरूसंगसहकार्य गरी कार्यक्रम/परियोजना संचालन गर्ने ।

## १६. कार्यनीति, प्रमुख कार्यसम्पादन सूचक र मान्यताहरू

### १६.१ रणनीतिक क्षेत्र:अनुकुल वातावरणको निर्माण

| रणनीति १: सहकारी मैत्री ऐन नियम निर्माणमा मूख्य भूमिका निर्वाह गर्ने । | | | |
|---|---|---|---|
| क्र.स. | कार्यनीतिहरू | प्रमुख कार्यसम्पादन सुचक | मान्यताहरू (Assumptions) |
| १.१ | सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को संशोधन र सो अनुसार कार्यविधि तथा निर्देशिकाहरू तयार गर्न अभियानको नेतृत्वदायी भूमिका निर्वाह हुनेछ | • २०७९ भित्र सहकारी ऐन, नियमावली संशोधन, कार्यविधिहरू एवं निर्देशिकाहरू तयारी सम्वन्धमा सरोकारवाला निकायहरूसंग परामर्श गरिएको हुनेछ । <br>• २०७९ भित्र सांसदहरूसंग र मूख्य राजनैतिक दलका प्रतिनिधिहरूसँग छलफल भएको हुनेछ । <br>• ०७९ चैत्र मसान्तसम्म सहकारी ऐन संसोधन भई ०८० असारभित्र सहकारी नियमावली एवंम सो अनुसार निर्देशिका तथा कार्यविधिहरूतयार गरी लागु गरिएको हुनेछ । | १. कोभिड महामारीको असर २०७८ असार मसान्त सम्ममा न्यून भएको हुनेछ । <br>२. राजनीतिक स्थिरता कायम भएको हुनेछ |
| १.२ | सहकारीसंग अर्न्तसम्वन्धित ऐनहरू सहकारीमैत्री वनाउन प्रमुख भूमिका निर्वाह हुनेछ । | ०८० असार भित्रमा ३० प्रतिशत सहकारीसँगअन्तरसम्वन्धित ऐनहरू सहकारी मैत्री भएको हुनेछ । | १.महामारी २०७८ असार मसान्तसम्ममा मत्थर भएको हुनेछ । <br>२. सरकारकोस्थिरता कायम हुनेछ। |
| १.३ | प्रदेश एवं स्थानीय सहकारी ऐन नियममा न्यूनतम एकरूपता कायम गरिनेछ । | • प्रादेशिक तथा स्थानीय सहकारी ऐन तथा नियमावलीहरू ०७९ पौष मसान्त सम्ममा तयार भएको हुनेछ । <br>• ०८० आषाढ मसान्तसम्ममा कम्तिमा ८५ प्रतिशत प्रदेश तह तथा ७५ प्रतिशत स्थानीय | १. राजनीतिक स्थिरता कायम भएको हुनेछ । |

| | | | |
|---|---|---|---|
| | | तहका सहकारी ऐन, नियमावलीहरूमा एकरूपता कायम भएको हुनेछ । | |

**रणनीति २: सहकारीमैत्री नीति तथा कार्यक्रम निर्माणमा नेतृत्वदाही भूमिका खेल्ने ।**

| क्र. स. | कार्यनीतिहरू | प्रमुख कार्यसम्पादन सुचक | मान्यताहरू (Assumptions) |
|---|---|---|---|
| २. १ | मूख्य राजनैतिक दलका घोषणापत्रमा सहकारी विकास मोडल प्राथमिकतामा रहनेछ । | • २ वर्षभित्र मूख्य राजनैतिक दलका प्रतिनिधिहरूसंग छलफल, अर्न्तक्रिया वहस भएको हुनेछ । | |
| २.२ | राष्ट्रिय सहकारी नीति तथा दिर्घकालिन रणनीति तर्जुमा एवंम परिमार्जन गर्न पहलकदमी गरिनेछ । | • २ वर्षभित्र राष्ट्रिय सहकारी नीति परिमार्जन एवंम सहकारीको दिर्घकालिन रणनीति तर्जुमा भएको हुनेछ । | |
| २.३ | सरकारी नीति, रणनीति तथा आवधिक योजना निर्माण प्रक्रियामा सहकारी क्षेत्रलाई नीतिगत प्राथमिकतामा सुनिश्चित गरिने छ । | • सरकारद्धारा जारी हुने ७५ प्रतिशत नीति तथा आवधिक योजनामा दुई वर्षभित्र सहकारी क्षेत्रलाई नीतिगत प्राथमिकतामा समेटीएको हुनेछ । | |
| २.४ | सरकारका वार्षिक नीति तथा कार्यक्रमहरूसहकारी मैत्री वनाईनेछ । | • सरकारको नीति तथा कार्यक्रम निर्माणको क्रममा सहकारी क्षेत्रवाट दिईने सुझावको कम्तिमा ७५ प्रतिशत बुँदाहरूको संवोधन भएको हुनेछ ।<br>• तीनै तहको सरकारको वजेटमा सहकारी क्षेत्रका लागि कम्तीमा ५ वटा कार्यक्रम र वजेट विनियोजन भएको हुनेछ । | |
